# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, भदौ ३१ गते २०३१ साल


श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना

स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ को दफा १ को उप-दफा (३) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले बहुमूल्य रत्नहरूको खरीद बिक्री लेनदेनको कारोवारमा बाहेक अन्य सबै कारोवार र मालसामानको सम्बन्धमा उक्त ऐनको बाँकी सबै दफाहरू देहायका क्षेत्रहरूमा २०३१ साल आश्विन १ गतेदेखि प्रारम्भ हुने गरी तोकिदिएको छ ।

क. सुनसरी जिल्लाको

१. धरान नगर पञ्चायत

२. इटहरी र दुहवी ग्राम पञ्चायतहरू

ख. मकवानपुर जिल्लाको

१. हेटौंडा नगर पञ्चायत

ग. बारा जिल्लाको

१. (क) कलैया (ख) जितपुर र (ग) सिमरा ग्राम पञ्चायतहरू

घ. पर्सा जिल्लाको

१. (क) परवानीपुर ग्राम पञ्चायत

आज्ञाले-

भरतबहादुर प्रधान

श्री ५ को सरकारको सचिव

४२९



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप--दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले शाखा कर कार्यालय, लाहानको कार्यालय भवन निर्माणको लागि सगरमाथा अञ्चल, सिराहा जिल्ला प्रगणा भुठी गाउँ मौजे सिमराही मटियर्वामा पर्ने निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ।

पूर्व सरोवर चौधरीको जग्गा, पश्चिम सरोवर चौधरीको जग्गा, उत्तर नहर, दक्षिण सरोवर चौधरीको जग्गा यति ४ किल्लाभित्रको श्री सरोवर चौधरीको नाममा दर्ता भएको कित्ता नं. १३ को जग्गा बिगहा ३ मध्ये चौडाई फीट ८१ लम्बाई फीट २२५ को कट्ठा ०–५–० (पाँच) को तिरो रु. १२।७५ (बाह्र रुपैयाँ पचहत्तर पैसा) लागेको जग्गा कित्ता – – – – १

आज्ञाले–
भरतबहादुर प्रधान
श्री ५ को सरकारको सचिव

८२२ ८२४

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।